जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १४० २०८० साल पुस १८ गते बुधबार (3 Jan. 2024 Wedneday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : अङ्क ज्योतिषीय विश्लेषणमा... ३ पृष्ठमा : सहरमा जनसंख्या बढ्दै, ... ३ पृष्ठमा भारत-पाकिस्तानले आणविक ...

# सशस्त्र प्रहरीद्वारा विपदमा गरिने उदारकलाको प्रदर्शन





**दैनिक समाचारदाता**
**राजविराज, १७ पुस ।**

सशस्त्र प्रहरी बल नेपाल दन्कालि विषेश कार्य तालिम शिक्षालय बरमझियाले मंगलबार विपद्मा गरिने उदारकलाको प्रदर्शन गरेका छन् ।

फुसका तथा पक्की संरचना भएका घरहरुमा आगो दनदनी फैलिरहेको अवस्था भागाभाग मच्चिदा सशस्त्र प्रहरीको युनिट उद्दारकलामा जुटिरहेको दृश्य देखाइएको थियो । आगलागीले एक पछी अर्को घर जलिरहेको थियो । आगोले ३/४ जना घाईते पनि भए । घाइतेको उद्दार संगै नियन्त्रणमा खटिएका सशस्त्र प्रहरीका युनिटले कोही आगो निभाउन व्यस्त थिए भने कोही उद्दारमा कुदेको कुदै थिए । यो काल्पनिक घटनाक्रम र उद्दारको प्रर्दशन मंगलबार शिक्षालयद्वारा सप्तरीको बरमझियामा गरिएको हो ।

शिक्षालयद्वारा आगलागीबाट हुने क्षती रोक्न तथा सो बेला अपनाउनु पर्ने विधीबारे गत मंसिर १७ गते देखि चलाइएको एक महिने तालिमको अन्तिम दिन यस्तो साँकेतिक अभ्यास र उद्दारकला प्रर्दशन गरिएको हो ।

प्राकृतिक तथा मानवीय कमीकमजोरीबाट हुने आगलागी जस्ता बिपदको सामना पुर्व गर्नु पर्ने तयारी तथा विपद आइसकेपछि हुने सम्भावित क्षती न्यूनिकरण गर्ने उदेश्यले शिक्षालयमा रहेका विभिन्न युनिटका ४९ जना सशस्त्र प्रहरीलाई कलाकौशलले निपुण बनाइएको सशस्त्र प्रहरी बल नेपाल दन्तकालि विषेश कार्य तालिम शिक्षालयका समावेशक एवं बरिष्ट प्रहरी उपरिक्षक दिग विजय सुवेदीले बताए ।

जनप्रतिनिधी, विभिन्न संघसंस्थाका प्रतिनिधी, सुरक्षा निकायका प्रमुख तथा सर्वसाधारणको उल्लेख्य उपस्थितीका बीच शिक्षालयका एक महिने तालिम प्राप्तकर्ता सशस्त्र प्रहरीले आफ्नो क्षमता र कौशल देखाएका थिए ।

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ बमोजिमका अन्य कार्यहरु पनि संचालन हुने शिक्षालयका सशस्त्र प्रहरी उपरिक्षक सुवेदीले बताए । उनले प्राकृतिक तथा मानवीय त्रुटीले व्यबहारीक जीबनमा आईपर्ने घट्नाक्रमहरुको परिकल्पना गरी त्यस्ता विपदका बेला न्युनिकरण,उद्दार र व्यवस्थापन संगै पूर्व तयारीबारे ज्ञान बाड्ने उदेश्यले एक महिने तालिम चलाइएको बताए । तालिमका सहभागीहरुलाई बिपद पुर्व तयारी एवं परिचालन, बिपद प्रतिकार्यमा खोज तथा उद्दार, विपद जोखिम न्यूनिकरण कार्ययोजनाको कार्यान्वयन, राहत भण्डारण, पीडितका लागी सुरक्षित बासस्थल, मानवीय सहायता लगायतका बारेमा ज्ञान प्रदान गरिएको शिक्षालयले जनाएको छ ।

# राजविराजसहित पाँच विमानस्थलमा एक्स-रे मेसिन जडान गरिँदै

काठमाडौं, १७ पुस (रासस) ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले नेपालका पाँचवटा आन्तरिक विमानस्थलमा झोला जाँच (ब्यागेज चेक) गर्ने एक्स-रे मेसिन जडान गर्ने भएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता तथा उपमहानिर्देशक जगन्नाथ निरौलाले लुक्ला, रामेछाप, राजविराज, सुर्खेतसहितका विमानस्थलमा यी मेसिन जडान गर्न लागिएको र यसै आर्थिक वर्षभित्र जोडिसकिने जानकारी दिनुभयो ।

मेसिन जडान गर्न आवश्यक 'टेन्डर' प्रक्रिया सुरु भइसकेको र सामान आउने क्रममा रहेको पनि उहाँले जानकारी दिनुभयो । उक्त उपकरण जडानपछि हवाई सुरक्षा अभिवृद्धि हुने र यात्रु तथा वायुयान कम्पनीलाई समेत सहयोग पुग्ने प्राधिकरणले जनाएको छ ।

देशका बिभिन्न दुर्गमा क्षेत्रमा रहेका विमानस्थलहरूमा ब्यागेज चेक गर्ने एक्स-रे मेसिन जडान भएका छैनन् । ती विमानस्थलमा ब्यागेज चेक गर्ने एक्स-रे मेसिन नभएका कारण त्यहाँ कार्यरत कर्मचारी तथा सुरक्षाकर्मीहरूले यात्रुका सरसामान तथा झोलाहरू हातले छामेर चेकजाँच गर्दै आएका थिए ।

बिमानस्थलमा ब्यागेज चेक गर्ने एक्स-रे मेसिन जडान भएपछि कर्मचारीलाई चेकजाँच गर्न सहज हुने र यात्रुहरूलाई पनि यसले सजिलो हुने बताइएको छ ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# सहरी जनसंख्या पाँच प्रतिशतले वृद्धि : प्रतिवेदन

काठमाडौं, १७ पुस (रासस) ।

बसाइँसराइका कारण पछिल्लो दशकमा सहरी जनसङ्ख्या करिब पाँच प्रतिशतले वृद्धि भएको देखिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क दिवसका अवसरमा मंगलबार सार्वजनिक गरेको 'नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रतिवेदन'ले राष्ट्रिय जनगणना २०६८ र २०७८ को बीचमा सहरी जनसङ्ख्या २२ दशमलव ३१ प्रतिशतबाट उल्लेख्य बढेर २७ दशमलव ०७ पुगेको देखाएको छ।

त्यसैगरी सहरोन्मुख जनसङ्ख्या ३९ दशमलव १९ प्रतिशतबाट बढेर ३९ दशमलव ७५ प्रतिशत पुगेको देखिएको छ। मुख्यसचिव डा बैकुण्ठ अर्यालबाट सार्वजनिक सो प्रतिवेदनमा पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्र ३८ दशमलव पाँच प्रतिशतबाट ३३ दशमलव १९ दशमलबमा प्रतिशतमा झरेको देखिन्छ। सहरोन्मुख क्षेत्र भए पनि सहरी क्षेत्र मानिएको स्थानमा अझै पनि जनसङ्ख्याको ठूलो हिस्सा रहेको देखिन्छ। ग्रामीण जनसङ्ख्या अझै पनि एक तिहाइ छ जवकी प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट सहरोन्मुख र सहरी क्षेत्रमा बसाइँसराइले जनसङ्ख्यालाई सहरी क्षेत्रमा व्यवस्थापन गर्न कठिनाइ भएको र ग्रामीण क्षेत्रमा

***बाँकी दुई पृष्ठमा***

## वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

➢ आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं।
➢ वैदेशिक रोजगारीमा पठाउने व्यक्ति वा संस्था आधिकारिक हो, होइन यकीन गरौं।
➢ वैदेशिक रोजगारीका लागि पर्यटक भिसाको प्रयोग नगरौं।
➢ श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जाऔं।
➢ श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा जाने कामदारहरुले:

- करारबमोजिम काम र सुविधा नपाउने,
- विदेशी भूमिमा पीडित बन्नुपर्ने,
- स्वदेश फर्कन कठिनाई हुने,
- कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
- ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बजेटको सदुपयोग गर्नेतर्फ ध्यान पुगोस्

वार्षिक बजेटको एक वर्षको अवधीमा ११ महिनासम्म काम नगर्ने तर, एक महिनाकै अवधीमा सम्पूर्ण काम सम्पन्न गर्ने पुरानै परिपाटीलाई निरन्तरता दिइने गरिन्छ । वर्षभरि बजेट निकासा नगरिकन साल तमामीको समयमा जसरी भएपनि बजेट सकाउने परिपाटीले जडो गाड्दै गएको छ । विगतकै परिपाटीलाई अहिले पनि त्यही बाटो रोजेर गरिने कार्यको गुणस्तरता माथी समेत प्रश्न चिन्ह खडा हुन्छ ।

जनप्रतिनिधिहरु यस्ता विषयमा गम्भिर नहुँदा उनीहरुमाथी विश्वसनियताको प्रश्न खडा हुन्छ । कीन हतार हतारमा बजेट निकासा गरि योजना बाँडफाड गरिन्छ ! यो जनताको मात्र नभएर सबै सरोकारवालाको प्रश्न हो । विकासीय मात्र नभएर अन्य तालिम, गोष्ठी, सेमिनार, सचेतना लगायतका कार्यक्रमहरु पनि वर्षको अन्तिम समयमै गरिन्छ । यस्ता कार्यक्रमहरु गरेर उपलब्धि हासिल गर्न सकिन्छ ? यस्ता कार्यहरु गर्न गराउन सम्पूर्ण पालिकाहरु गम्भिर भएर कम्तिमा बितेको वर्षको ६ महिना बाँकी रहँदा अग्रसरता देखाउन सके केही हदसम्म सकारात्मक काम हुन्छ । जसले साल तमामीको बेला कामको चाप घट्नुका साथै अन्य कामहरु समेत प्रभावित हुँदैन र निगरानी गर्न सजिलो हुन्छ ।

तसर्थ आउँदो दिनमा बजेटलाई पूर्ण रुपले कार्यान्वयन गराउन ६ महिना अघि नै बिनियोजन गरेर कामहरुलाई निरन्तरता दिनेतर्फ सरोकारवाला निकायको ध्यानाकर्षण हुनु आवश्यक छ ।

# अङ्क ज्योतिषीय विश्लेषणमा सन् २०२४

**भरतमणि ज्ञवाली**

ज्योतिषस्य बीजम् गणितम्, अङ्क ददाति तत्फलम् । अर्थात् ज्योतिष विधाको मूल या जड् भनेको गणित हो । यो शास्त्र अङ्कहरूकै अध्ययनमा आधारित छ । ज्योतिषीय क्षेत्रमा संसारमा विद्यमान विधामध्ये अङ्कशास्त्र या अङ्क ज्योतिष पनि एउटा महत्त्वपूर्ण विधा हो । वैदिक ज्योतिषमा ग्रह नक्षत्र र ताराहरूको गणना गरी फल निर्धारण गरिएजस्तै पाश्चात्य क्षेत्रमा अङ्क ज्योतिषले स्थान ओगटेको पाइन्छ । भनिन्छ, संसारको सुरुवात अङ्कबाट भएको हो । काललाई समय भनिन्छ र जहिलेदेखि समय सुरु भयो तबदेखि अङ्कको सुरुवात भयो । गणना नै ज्योतिष भएकाले अङ्क र ज्योतिषको सम्बन्ध महत्त्वपूर्ण छ । जसरी अङ्कको सुरुवात शून्यबाट हुन्छ, त्यसरी ब्रह्माण्डको सुरुवात पनि शून्यबाट हुन्छ । पदार्थ पनि शून्यबाट विशाल हुन्छ । पदार्थ निर्माण हुने तत्त्वलाई पाँच भागमा विभाजित गरिएको छ ।

पृथ्वी, जल, अग्नि, वायु, आकाशरूपी तत्त्व नै समग्र सृष्टिको स्वरूप मानिएको छ । वैदिक ज्योतिषमा नौ ग्रह स्थापित छन् भने यसको त्रिगुणित २७ नक्षत्र व्यवस्थित छन् । नक्षत्रलाई चार गुणा गरी प्रत्येक नक्षत्रलाई जम्मा १०८ संख्यामा व्यवस्थित गरिएको छ । समग्र अङ्कको जोड १०८ कायम गरिएको छ । आजबाट इस्वी सन् २०२४ सुरु भएको छ । यो अङ्क विश्वभरका मानिसले प्रयोग गर्ने अङ्क हो । यसको प्रयोगसँगै प्रभाव पनि विश्वभर अर्थात् समग्र जगत्, मानिस तथा प्रकृतिमा देखिनेछ । अङ्कका आधारमा हेर्दा कस्तो रहला त २०२४ ? भन्ने विषयमा सामान्य चर्चा सान्दर्भिक हुन सक्छ ।

सन् २०२४ अङ्कका हिसाबले हेर्दा मूलाङ्क ६ हो । अङ्कशास्त्रमा १ देखि ९ अङ्कसम्म मूलाङ्क निकालिन्छ । वर्षको अन्तिम अङ्कको जोड ६ आउँछ । नव ग्रहहरूको पद्धतिजस्तै पाश्चात्य अङ्कशास्त्री किरोले नौ अङ्कलाई फरक-फरक ग्रहरूको रूपमा विश्लेषण गरी भविष्यवाणी गरेको पाइन्छ । अङ्क ६ शुक्र ग्रहको प्रतिनिधि अङ्क हो । यसले शुक्रग्रहजनित फल प्रदान गर्छ भनिएको छ । अङ्कका हिसाबले दुई अङ्क चन्द्रमाको अङ्क हो भने ४ अङ्क राहु ग्रहलाई प्रतिनिधित्व गर्ने अङ्क हो । अङ्कशास्त्रका अनुसार, १ सूर्य, २ चन्द्र, ३ गुरु, ४ राहु, ५ बुध, ६ शुक्र, ७ केतु, ८ शनि र ९ मङ्गलको प्रतिनिधि अङ्क हुन् । सन् २०२४ मा अङ्कशास्त्रीय मान्यताका आधारमा चन्द्रमा, राहु र शुक्रको प्रधान भूमिका रहनेछ । तर, संयुक्त अङ्कको योग ८ आउने हुनाले ८ अङ्क शनि ग्रहको अङ्क हो । तसर्थ चन्द्र, चन्द्र, राहु, शुक्र र शनि ग्रहले यो वर्ष महत्त्वपूर्ण भूमिका खेल्नेछन् ।

ग्रह र अङ्कको तालमेलसँग व्यक्तिको मूलाङ्क, नामाङ्क, भाग्याङ्क आदिका आधारमा पनि हिसाब र फल तय गरिने भएकाले यो व्यक्तिगत विषय नभई समग्रताको चर्चा हो । देश, काल र पात्रका आधारमा प्रभाव फरक-फरक रहन्छ । अङ्कशास्त्रले अंग्रेजी वर्णमालाका अक्षरलाई पनि नौ अङ्कमा सूत्रबद्ध गरी फल निर्णय गरेको छ । त्यसैले फरक-फरक नाम भएका देशलाई फरक-फरक प्रभाव पर्नु स्वाभाविक छ । समग्रमा २०२४ अङ्कका आधारले मात्र हेर्दा यो वर्षलाई ६ अङ्कको नेतृत्व र ८ अङ्कको फल भन्न सकिन्छ । शुक्र शासक ग्रह हो भने शनि प्रतिफलको निर्णायक मान्न सकिन्छ । राहु र चन्द्रमालाई कारक ग्रहका रूपमा लिन सकिन्छ । ६ र ८ अङ्कले यो वर्षको समग्र निर्णय गर्ने भएकाले यी अङ्कसँग देश, काल, पात्रको सम्बन्ध जस्तो छ त्यस्तै फल प्राप्त हुनेछ ।

अङ्कशास्त्रमा देश, काल र पात्रको आफ्नै मूलाङ्क तय हुन्छ । खासगरी पात्रको विषयमा उसको जन्म तारिखको एकल अङ्क मूलाङ्क हुन्छ । १ देखि ९ सम्म जुन अङ्क एकल अङ्क हुन्छ, त्यही मूलाङ्क हुन्छ । वर्ष अङ्क ६ र समग्र अङ्क ८ सँग जसजसको मित्राङ्क बन्छ, उसका लागि सकारात्मक फलदायी रहन्छ भने शत्रु अङ्क बन्नेहरूका लागि अशुभ फलदायी हुन्छ । सामान्य आधारमा हेर्दा वर्ष अङ्क ६ मूलाङ्क ३, ७ र ९ का लागि अति शुभ हुनेछ भने २, ४ र ५ मूलाङ्क हुनेहरूका लागि सामान्य शुभ रहनेछ । तर, मूलाङ्क १ र ८ लागि अशुभ हुनेछ । त्यसरी नै अङ्क ८ मूलाङ्क १ र ४ हुनेहरूका लागि अति शुभ र मूलाङ्क २, ५, ७ र ९ हुनेहरूका लागि सामान्य शुभ रहनेछ भने ३ र ६ मूलाङ्क हुनेहरूका लागि अशुभ रहनेछ । सन् २०२४ मा प्रयोग भएका अङ्क २, ४ यसको योग ६ र सबै अङ्कको योग ८ अङ्कको आधारमा केही महत्त्वपूर्ण चर्चा गर्नु सान्दर्भिक रहने छ ।

यो अङ्क चन्द्रमाको अङ्क हो । तत्त्वका हिसाबले चन्द्रमा जल हो । यो वर्ष दुई अङ्क दुईपटक दोहोरिएको छ । चन्द्रमा मनको कारक हो । यसले मानसिक अवस्थाको प्रतिनिधित्व गर्छ । यो समयमा मानसिक कार्यहरूले अग्रस्थान लिनेछ । कल्पना र कल्पनाका आधारमा गरिने सिर्जनाहरू सकारात्मक हुनेछन् । कलाका क्षेत्रमा सकारात्मक विकास भएको पाइनेछ । दुई अङ्कको संयोजन भएका बेला चन्द्रमासँग सम्बन्धित फलहरू प्राप्त हुनेछ । असार महिना पृथ्वी जलबाट विशेष प्रभावित बन्नेछ । देश, काल र पात्रको मूलाङ्कका आधारमा भने सकारात्मक या नकारात्मक प्रभाव रहनेछ । जब-जब दुई अङ्कको संयोग अधिक हुनेछ, तब तब चन्द्रमाको प्रभाव अधिक रहनेछ । विश्व परिवेशमा भौतिक शक्तिभन्दा काल्पनिक शक्तिले बढी प्रभाव जमाउनेछ । उत्तरी, उत्तर पूर्वी र पश्चिमी क्षेत्र यो वर्ष चन्द्रमाको सकारात्मक प्रभावमा रहनेछ ।

**अङ्क ४**

यो राहुको अङ्क हो । राहु ग्रह अत्यन्तै बलवान ग्रह हो । चन्द्रमाको कल्पनाशीलतालाई राहुले परिणाममा सहजै परिणत गर्न सक्छ । यो आकस्मिक घटनाको कारक पनि हो । कुनै पनि विनाकारण या पूर्वतयारी बिनाका महत्त्वपूर्ण घटनाहरू राहुले सिर्जना गर्न सक्छ । यो वर्ष त्यस्ता महत्त्वपूर्ण घटनाहरू सार्वजनिक हुनेछन्, जसले विश्वमा तहल्का मच्चाउन क्षमता राख्नेछ । अभौतिकताको कारक ग्रह भएकाले प्रविधिको क्षेत्र यो वर्ष विशेष रहनेछ । राज्यको कारक सूर्यलाई पनि नियन्त्रण गर्न सक्ने क्षमता भएकाले राहुले यो वर्ष विश्वका विभिन्न राज्यमा विशेष परिवर्तन गराउनेछ । धेरै राष्ट्रहरूमा पुरानो प्रथा या पद्धति फेरिएर नयाँ व्यवस्थाको सुरुवातको कोसिस हुनेछ । अङ्क ४ मूलाङ्क हुनेहरूको जीवनमा अत्यन्तै सकारात्मक परिवर्तनको सम्भावना छ । यो वर्ष आपराधिक क्षेत्रमा धेरै उथलपुथल हुने सम्भावना छ । धेरैका गोप्य कार्यहरू भण्डाफोर हुनेछन् भने प्रविधिका माध्यमबाट गिरोहहरूको तथ्य सार्वजनिक हुनेछ । जसले समाजमा सकारात्मक संदेश जानेछ । श्रावण महिना र अन्य दिन अङ्क ४ को संयोगमा धेरै रहस्यात्मक गतिविधि पर्दाफास भएको पाइनेछ ।

**अङ्क ६**

यो शुक्र ग्रहको अङ्क हो । शुक्र भौतिकताको ग्रह हो । समृद्धि र सम्पदाको ग्रह हो । यस वर्ष अङ्क ६ को विशेष भूमिका रहने भएकाले सत्ता, शक्ति र सेक्सका क्षेत्रमा यो वर्ष विशेष रहनेछ । दैत्य गुरु शुक्रको प्रभावका कारण आर्थिक क्षेत्रमा सकारात्मकता हुने सम्भावना अधिक छ, तर अवैधानिक कार्यहरू पनि उत्तिकै मौलाउने देखिन्छ । जसरी हुन्छ सुखसयल, मोज मस्ती र आर्थिक लाभ लिनेहरूको वर्चस्व रहनेछ । आर्थिक लाभका लागि होटल, नाइट क्लब, जुवाघर, वेश्यालयहरू चर्चामा रहनेछन् । लामो समयदेखि विवाह नभएकाहरू पनि यो वर्ष वैवाहिक या अन्य सम्बन्धमा जोडिनेछन् । भौतिक विकास, रासलिला, मनोरञ्जन जस्ता क्षेत्रको चकचकी हुनेछ ।

**अङ्क ८**

यो शनि ग्रहको अङ्क हो । शनि ग्रह न्याय र संघर्षको कारक ग्रह हो । चन्द्रमा, राहु र शुक्रका प्रभावहरूको न्यायिक मूल्याङ्कन गर्ने जिम्मा शनि ग्रहले लिएको छ । यो वर्ष अवैध कार्यहरू जति मौलाए पनि अन्ततः त्यसको सजाय भोग्नैपर्ने छ । शनिले आपराधिक क्षेत्रको बोलवाला कम गर्न सघाउनेछन् । यो वर्ष न्यायिक क्षेत्रमा विशेष प्रभाव रहनेछ । रेल, जहाज सवारी साधनका क्षेत्रका घटनाहरू अधिक चर्चामा रहनेछन् । स्थापित अपराधीहरूको यो वर्ष पतनको सम्भावना नकार्न सकिन्न । राजनीतिक नेतृत्वमा उदासिनता आउनेछ । उनीहरूको गलत कार्यको पर्दाफास हुनेछ । स्थापित नेताहरू सजायका भागिदार बन्नेछन् । समग्रमा २०२४ ले आशाको सकारात्मक दियो बाल्न सफल हुनेछ भन्ने अपेक्षा राख्न सकिन्छ । सबैमा शुभकामना । (लेखक दक्षिण एसियाली ज्योतिष महासंघका कार्यबाहक महासचिव हुन् ।) रातोपाटीबाट

## सहरी जनसंख्या ...

बसाइँसराइ कम गर्न दबाब परेको देखिएको कार्यालयका प्रवक्ता डा हेमराज रेग्मीले जानकारी दिनुभयो ।

जनगणना २०७८ अनुसार नेपालमा नगरपालिकाको जनसङ्ख्या ६६ दशमलव १७ प्रतिशत र गाउँपालिकाको जनसङ्ख्या ३३ दशमलव ८३ प्रतिशत रहेको छ । नेपालमा ६६ दशमलव १७ प्रतिशत सहरी क्षेत्र छ भन्ने आधार अर्धसहरी वा सहरोन्मुख नगरपालिकाले नदिने हुँदा यस्तो अवस्थामा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गरी त्यसलाई स्थानीयकरण तथा पुर्नपरिभाषित गर्नुपर्ने अवस्थामा प्रतिवेदन तयार गरिएको कार्यालयले जनाएको छ ।

भौगोलिक क्षेत्रका आधारमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणविधि अनुसारको विश्लेषणले ग्रामीण जनसङ्ख्या पाउमा ६६ प्रतिशत र हिमालमा १६ प्रतिशत केन्द्रित भएको देखाएको छ । सहरोन्मुख जनसङ्ख्या तराई क्षेत्रमा ८४ प्रतिशत र पोखरा महानगरपालिका र काठमाडौँका उपत्यका कारण असन्तुलित हुँदै सहरी जनसङ्ख्या पहाडमा ५३ प्रतिशत र त्यसपछि तराईमा ३९ प्रतिशत केन्द्रित भएको देखिएको छ ।

हाल मुलुकमा दुई सय ९३ नगरपालिका (नौ महानगरपालिका र उपमहानगरपालिकासहित) र चार सय ६० गाउँपालिका गरी ७५३ स्थानीय तह छन् ।

कार्यक्रममा मुख्यसचिव डा अर्यालले मनोगत कुराले नभइ तथ्याङ्क र प्रमाणमा आधारित नीति र कार्यक्रम बनाउन तीनै तहका सरकारका सम्बन्धित कार्यालयले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले तथ्याङ्क कार्यालयको पुन:संरचनासहित नियमावली ल्याउन सरकारले गृहकार्य गरिरहेको बताउनुभयो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी तोयम रायले कार्यालयको जनशक्ति नघट्ने अपेक्षा गर्दै सङ्घीयताको मर्म अनुसार तथ्याङ्कका काम तीन तहको समन्वयमा हुनुपर्ने र आफ्नो कार्यालयले केन्द्रस्तरको भूमिका निर्वाह गर्ने बताउनुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सहरमा जनसंख्या बढ्दै, ग्रामीण भेगमा घट्दै

काठमाडौं, १७ पुस (रासस)। राष्ट्रिय तथ्याङ्क कार्यालयले मंगलबार नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ।

सो अध्ययनमा कार्यालयले सहरी, सहरोन्मुख र ग्रामीण क्षेत्रमा भइरहेको बसोबासको तथ्याङ्क विश्लेषण गरेको छ। यस विधिअनुसार जनसङ्ख्या, जनघनत्व, बसोबास क्षेत्र र सहरी क्षेत्रको श्रेणीगत विशेषताको निरन्तरता जस्ता चार आधारमा वडाहरुलाई ग्रामीण तथा सहरी क्षेत्र श्रेणीगत वर्गीकरण गरिएको कार्यालयले जनाएको छ।

ग्रामीण तथा सहरी क्षेत्रमा वर्गीकरणको नतिजाअनुसार राष्ट्रिय जनगणना विसं २०६८ र विसं २०७८ को बीचमा सहरी जनसङ्ख्या २२ दशमलव ३१ प्रतिशतबाट बढेर २७ दशमलव ०७ पुगेको छ। सहरोन्मुख जनसङ्ख्या ३९ दशमलव १९ प्रतिशतबाट बढेर ३९ दशमलव ७५ प्रतिशत पुगेको छ। पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्रको जनसङ्ख्या भने ३८ दशमलव ५ प्रतिशतबाट ३३ दशमलव १९ प्रतिशतमा झरेको सो अध्ययनबाट देखिएको छ।

“ग्रामीण जनसङ्ख्या अझै पनि एक तिहाइ छ। जबकी, प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट सहरोन्मुख र सहरी क्षेत्रमा बसाइँसराइले जनसङ्ख्यालाई सहरी क्षेत्रमा व्यवस्थापन गर्न कठिनाइ भएको र ग्रामीण क्षेत्रमा बसाइसराइ कम गर्न दबाब परेको देखिएको छ”, अध्ययन प्रतिवेदनमा भनिएको छ।

भौगोलिक क्षेत्रका आधारमा ग्रामीण जनसङ्ख्या पहाडमा ६६ प्रतिशत र हिमालमा १६ प्रतिशत छ। सहरोन्मुख जनसङ्ख्या तराई क्षेत्रमा ८५ प्रतिशत छ। स्थानीय तहअनुसार ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण गर्दा दुई हजार चार सय १२ वडामा ५८ प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्र रहेको देखिन्छ। जबकी, सहरोन्मुख छ सय ६४ वडा क्षेत्रमा ३६ दशमलव एक प्रतिशत र सहरी एक सय ३९ वडामा पाँच दशमलव नौ प्रतिशत जनसङ्ख्या छ।

नगरपालिकाको २८ दशमलव ४ प्रतिशत अर्थात् पाँच सय ९१ वडाको जनसङ्ख्या सहरी क्षेत्रमा छ भने एक सय २८ वडाहरू अर्थात् करिब ४६ प्रतिशत सहरोन्मुख क्षेत्रमा छ। अझै पनि नगरपालिकाका २५ दशमलव ४ प्रतिशत अर्थात् एक हजार चार सय ४४ वडाहरू ग्रामीण क्षेत्रमा रहेको देखिन्छ।

उपमहानगरपालिकामा ३९ प्रतिशत जनसङ्ख्या सहरोन्मुख र ५३ प्रतिशत सहरी क्षेत्रमा बसोबास गर्ने गरेको देखिन्छ। महानगरपालिकाहरूमा १७ प्रतिशत सहरोन्मुख र दुई दशमलव तीन प्रतिशत ग्रामीण विशेषताको छ। बाँकी ८० दशमलव ७ प्रतिशत सहरी क्षेत्र छ।

यो तथ्याङ्कले नगरपालिका भए पनि बसोबास क्षेत्रको मुख्य विशेषता अझै पनि सहरोन्मुख छन् र उल्लेख्य जनसङ्ख्या ग्रामीण परिदृश्यमा नै छ भन्ने देखाउँछ। प्रदेशगत हिसाबले विश्लेषण गर्दा सङ्घीय संरचनामा सहरी र सहरोन्मुख जनसङ्ख्या ६६ दशमलव ८ प्रतिशत छ। यस्तो जनसङ्ख्या मधेस प्रदेशमा सबैभन्दा उच्च १९ दशमलव ९ प्रतिशत र बागमती प्रदेशमा १४ दशमलव ६ प्रतिशत छ। सहरी र सहरोन्मुख जनसङ्ख्या हेर्दा सबैभन्दा कम १ दशमलव २ प्रतिशत कर्णाली प्रदेशमा छ।

तथ्याङ्कले सहरी जनसङ्ख्याको वितरणमा सबैभन्दा बढी असन्तुलन तराई क्षेत्रका स्थानीय तहमा रहेको देखाएको छ। मधेस प्रदेशमा बहुसङ्ख्यक अर्थात् नौ सय ७१ वडा सहरोन्मुख छन्। बढी सहरी क्षेत्र भएको दोस्रो ठूलो प्रदेश बागमती हो। जबकि, यहाँ पनि ग्रामीण वडाको सङ्ख्या छ सय ७२ छ भने कूल सहरोन्मुख र सहरी वडा चार सय ४९ वटा छन्। कर्णाली प्रदेशमा छ सय ३७ वटा वडा ग्रामीण विशेषताका छन् भने ७५ वडा सहरी र छ वटा वडा सहरोन्मुख विशेषतायुक्त छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा नगरपालिकाको जनसङ्ख्या ६६ दशमलव १७ प्रतिशत र गाउँपालिकाको जनसङ्ख्या ३३ दशमलव ८३ प्रतिशत रहेको छ।

# बजार मागमा अपेक्षित सुधार हुन सकेन : सिएनआइ

काठमाडौं, १७ पुस (रासस)। निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग परिसङ्घ (सिएनआइ) को एक अध्ययनले बजार मागमा सुधार हुन नसकेको देखाएको छ। पछिल्लो समय अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक हुँदै गएको र बजार चलायमान हुन थालेको सरकारले बताइरहेका बेला सिएनआइ यो अध्ययन सार्वजनिक भएको छ।

उपभोक्ता बजार मागमा देखिएको सङ्कुचनमा अपेक्षित सुधार हुने नसकेको परिसङ्घको अध्ययनले देखाएको हो। परिसङ्घले उद्योग व्यवसायस्तरमा गरेको सर्वेक्षणअनुसार समग्र बजार माग खस्किएको, कच्चा पदार्थको मूल्य निरन्तर उकालो लागिरहेको र उद्योगको कच्चा पदार्थको आयातमा गिरावट आएको देखिएको हो। विगत तीन आर्थिक वर्षको पहिलो त्रैमासको तुलनात्मक अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको परिसंघले जनाएको छ। सोमबार यहाँ एक औपचारिक कार्यक्रमकाबीच अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको हो। अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दुहुँदै परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्रको प्रतिकूल अवस्थाका कारण गत वर्षदेखि नै उद्योगी-व्यवसायीको मनोबल कमजोर बनिरहेकोमा यसवर्ष पनि यथावत रहेको बताउनुभयो।

सर्वेक्षणअनुसार औद्योगिक उत्पादनको समग्र बजार मागमा अघिल्लो वर्ष २८ दशमलव २८ प्रतिशतले ह्रास आएको थियो। यो चालु आवको सोही अवधिमा थप १२ दशमलव ०६ प्रतिशतले घटेको देखिएको छ। गतवर्षको तुलनामा चालु आर्थिक वर्षमा उद्योगहरूको समग्र मागमा ३६ दशमलव ९३ प्रतिशतले सङ्कुचन आएको अध्ययनबाट देखिएको छ। उद्योगको कारोबार रकम गत आवको पहिलो त्रैमासमा २४ दशमलव ९४ प्रतिशतले घटेकोमा चालु आवको समान अवधिमा सात दशमलव ४६ प्रतिशतले घटेको देखिन्छ। अघिल्लो आवको तुलनामा यो ३० दशमलव ५४ प्रतिशतको सङ्कुचन हो।

सर्वेक्षणअनुसार अघिल्लो आर्थिक वर्षमा ६९ दशमलव ४४ प्रतिशत उद्योगी-व्यवसायीले आफ्नो लगानीका योजना स्थगित गरेको जनाएका थिए भने चालु आवको पहिलो त्रैमासमा ५५ दशमलव ३२ प्रतिशत उद्योगी व्यवसायीले आफ्ना लगानीका योजना स्थगित गरेको जनाएका छन्। यसबाट सरकारले दाबी गरे अनुसार अर्थतन्त्रको अवस्थामा सुधार नआएको परिसङ्घको बुझाइ छ।

परिसङ्घको अध्ययनअनुसार सिमेन्ट उत्पादक उद्योगको समग्र मागमा अघिल्लो वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा सात दशमलव ३६ प्रतिशतको सङ्कुचन आएको छ। पछिल्लो तीन वर्षमा सिमेन्टको समग्र मागमा ४४ दशमलव ५७ प्रतिशतले गिरावट आएको अध्ययनबाट देखिन्छ।

सर्वेक्षणअनुसार निर्माण व्यवसाय क्षेत्रमा गत वर्षको तुलनामा यसवर्ष १६ दशमलव २० प्रतिशतको गिरावट देखिएको छ। आव २०७८/७९ को तुलनामा चालु आव २०८०/८१ मा यस क्षेत्रको समग्र मागमा कूल ५२ दशमलव ५९ प्रतिशतले सङ्कुचन आएको पाइएको छ। निर्माण व्यवसाय क्षेत्रका उद्योगको कारोबार रकम अघिल्लो वर्ष ४३ दशमलव ७१ प्रतिशतले घटेकोमा चालु आवको सोही अवधिमा थप २० दशमलव ८० प्रतिशतले घटेको परिसङ्घले जनाएको छ।

अघिल्लो वर्षको पहिलो त्रैमासमा साना तथा मझौला क्षेत्रको माग दुई दशमलव ५० प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा १७ दशमलव ७० ले गिरावट आएको देखिएको छ। यस क्षेत्रको समग्र मागमा अघिल्लो वर्षको तुलनामा १५ दशमलव ६४ ले सङ्कुचन आएको अध्ययनबाट देखिएको छ। यस क्षेत्रको कारोबार रकममा अघिल्लो वर्ष १२ दशमलव २५ प्रतिशतले बढेकोमा चालु आवको सोही अवधिमा १८ दशमलव ५० प्रतिशतले घटेको छ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा सांस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू बन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिवाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाइजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# विश्व समाचार

## भारत-पाकिस्तानले आणविक प्रतिष्ठान, कैदीहरूको सूची साटासाट

नयाँदिल्ली, १७ पुस (रासस/सिन्ह्वा)। भारतले सोमबार पाकिस्तानसँग आफ्ना आणविक प्रतिष्ठानहरूको सूची साटासाट गरेको भारतीय विदेश मन्त्रालयले जनाएको छ।

भारत र पाकिस्तानले नयाँदिल्ली र इस्लामाबादमा एकैसाथ कूटनीतिक च्यानल मार्फत आणविक प्रतिष्ठान तथा सुविधाको सूची आदानप्रदान गरको विज्ञप्तिमा उल्लेख गरिएको छ।

द्विदेशीय सम्झौताअनुसार प्रत्येक वर्षको जनवरीको पहिलोदिनसूची आदानप्रदानगर्ने गरिन्छ। भारत र पाकिस्तानबीच यस्तो सूची आदानप्रदान भएको यो लगातार ३३औं श्रृंखला हो।

यसै सन्दर्भमा दुवै देशले आ-आफ्नो क्षेत्रका कारागारमा रहेका कैदी तथा माछा मार्ने व्यक्तिको सूची पनि आदानप्रदान गरेको मन्त्रालयको उल्लेख गतरेको छ।

## भारत पाकिस्तानसँग आतङ्कवादका विषयमा सम्झौता गर्न इच्छुक छैन : भारतीय विदेश मन्त्री

नयाँदिल्ली, १७ पुस (रासस/एएनआई)। पाकिस्तानको सीमापार नीतिलाई भारतले अप्रासङ्गिक बनाएको छ। भारतीय विदेशमन्त्री जयशङ्करले आतङ्कवादको अभ्यासलाई वैध मानिएका शर्तहरूमा भारतले सम्झौता नगर्ने बताउनु भएको छ।

एएनआईसँगको अन्तर्वार्तामा विदेश मन्त्री जयशङ्करले भारत पाकिस्तानसँग सम्झौता गर्न इच्छुक नरहेको बताउदै आतङ्क र शत्रुतामुक्त वातावरण बनाउनुपर्ने उल्लेख गर्नुभएको छ।

पाकिस्तानसँगको मोदी सरकारको दृष्टिकोणलाई उल्लेख गर्दै उहाँले सीमापार आतङ्कवादलाई नसहने बताउनुभएको छ।

पाकिस्तानले दशकौं अघिदेखि भारतलाई टेबुलमा ल्याउन सीमापार आतङ्कवादको प्रयोग गरेको बताउँदै आफूलेत्यस्ता विषय अप्रासङ्गिक बनाएको बताउनुभएको छ। पाकिस्तान आफ्नो नजिकको छिमेकी भएको स्वीकार गर्दै उहाँले पाकिस्तानलेतयार पारेका शर्तहरूको आधारमा व्यवहार नगर्ने बताउनुभएको छ।

भारतले गत वर्ष अगस्टमा पाकिस्तानसँगको सम्बन्धलाई सामान्यीकरण बनाउनका लागि आतङ्कवाद र शत्रुतामुक्त वातावरण आवश्यक रहेको बताएको थियो।

मन्त्री जयशंकरले एएनआईसँगको अन्तर्वार्तामा पाकिस्तानको भविष्य पाकिस्तानको आफ्नै कार्य र छनौटबाट निर्धारण हुने भन्दै छिमेकीको हैसियतले आर्थिक समस्याबाट बाहिर निस्कन आवश्यक रहेको बताउनुभएको छ।

आर्थिक सङ्कटबाट गुज्रेको श्रीलङ्कालाई भारतले गरेको सहयोगको सन्दर्भ उल्लेख गर्दै श्रीलङ्कासँग एकदमै फरक सम्बन्ध भएको बताउनुभएको छ।

पाकिस्तानको अवस्था तथा भविष्य धेरै हदसम्म पाकिस्तानकै क्रियाकलापले निर्धारण गर्ने जिकिर गर्दै उहाँले कोही पनि अचानक कठिन परिस्थितिमा नपुग्ने बताउनुभएको छ।

पछिल्लो समयमा घट्दो, विदेशी मुद्रा सञ्चिति, उच्च मुद्रास्फीति तथा मुद्राको तीव्र अवमूल्यनलगायतका आर्थिक कठिनाइसँग पाकिस्तान जुधिरहेको छ।

## जापानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या ४८ पुग्यो

टोकियो, १७ पुस (रासस/सिन्ह्वा)। मध्यजापानको इशिकावा प्रान्तमा गएको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या दिउँसो ३:३० सम्म ४८ पुगेको छ। इशिकावा, निगाता, फुकुई, टोयामा र गिफु प्रान्तमाथुप्रै घाइतेभएको बताइएकोछ। प्रधानमन्त्री किशिदा फुमियोले मङ्गलबार पत्रकार सम्मेलनमा सो अपडेट गराउनुभएको हो। “प्रभावित क्षेत्रमा भारी मेसिनरी पठाउन पनि गाह्रो बनाइरहेको छ। हामी मार्गहरू सुरक्षित गर्ने तरिका बारे सोचिरहेका छौं र तीमध्ये जहाजहरू प्रयोग गर्नु एउटा विकल्प हुन सक्छ,” एनएचकेले प्रधानमन्त्रीलाई उद्धृत गर्दै उल्लेख गरेको छ। सोमबारदेखि जापानमा कम्तिमा एक सय ५५ वटा भूकम्पका धक्का अनुभन गरिएको छ।

## इजरायल गाजा नरसंहारको आरोपमा संयुक्त राष्ट्रसघींय अदालतमा उपस्थित हुने

जेरुसेलम, १७ पुस (रासस/सिन्ह्वा)। इजरायलले गाजामा नरसंहार गरेको आरोपमा दक्षिण अफ्रिकाले इजरायलका विरुद्ध संयुक्त राष्ट्रसङ्घीय अदालतमा मुद्दा दायर गरेको छ। मुद्दाको सुनुवाइमा नेदरल्याण्ड्सको हेग स्थित संयुक्त राष्ट्रसंघको अन्तरराष्ट्रिय अदालत (आईसीजे)मा उपस्थित हुने निर्णय गरेको इजरायली समाचार वेबसाइट वाइ नेटले सोमबार उल्लेख गरेको छ।

इजरायलले नरसंहार विरुद्धको महासन्धिमा हस्ताक्षर गरेको स्वीकार गर्दै इजरायली राष्ट्रिय सुरक्षा सल्लाहकारहानेग्बीले कार्यवाहीको बहिष्कार नगर्ने, तर उपस्थित भई आफू विरुद्धको षड्यन्त्रलाई अस्वीकार गर्ने बताउनुभएको वेबसाइटमा उल्लेख छ।

प्रतिवेदनका अनुसार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको नेतृत्वमा वरिष्ठ अधिकारीबीचको छलफल अघि नै यो निर्णय लिइएको हो। शुक्रबार दायर गरिएको मुद्दामा “गाजा स्ट्रिपमा प्यालेस्टिनीको नरसंहारकोरोकथाम तथा सजायको महासन्धि अन्तर्गतको दायित्वको इजरायलले उल्लङ्घन गरेको अन्तरराष्ट्रिय अदालत (आईसीजे) ले जनाएको छ। दक्षिण अफ्रिकाले संयुक्त राष्ट्रसङ्घीय अदालतलाई नरसंहार महासन्धि अन्तर्गत प्यालेस्टिनी जनताको अधिकारलाईगम्भीरताका साथ लिई थप क्षतिबाट जोगाउन प्रभावकारी उपाय अवलम्बन गर्न आग्रह गरेको छ।

# रास्वपाका अध्यक्ष रविले हाले कान्तिपुर पब्लिकेसनविरुद्ध गाली बेइज्जतीको मुद्दा

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ पुस ।**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले काठमाडौं जिल्ला अदालतमा कान्तिपुर पब्लिकेसनविरुद्ध गाली बेइज्जतीको मुद्दा हालेका छन् । आफ्नो चरित्र हत्या गर्ने समाचार लेखेको भन्दै उनी अदालत गएका हुन् । फिरादपत्रमा रविले आफ्नो इज्जत, प्रतिष्ठा, राजनीतिक जीवमा समेत गम्भीर असर पुर्याउने कुशिष मनसाय राखेर जानुबुझी चरित्र हत्या गरेको उल्लेख छ । मिति २०८०/०९/०९ देखि २०८०/०९/१३ सम्म कान्तिपुर र इकान्तिपुरले आफूलाई जोडेर प्रकाशित गरेका समाचारहरु झूटो रहेको रविले दाबी गरेका छन् ।

प्रकाशित समाचारबाट आफू र आफ्नो परिवारको इज्जत प्रतिष्ठा र राजनीतिमा समेत हानी नोक्सानी भएकाले प्रतिवादीहरुबाट कानूनअनुसार सांकेतिकरुपमा १५१ रुपैयाँ क्षतिपूर्ति दिलाउन उनको माग छ । रविले सामाजिक सञ्जालमा स्टाटस लेख्दै समाचारमा आएका सहकारीको आफू सञ्चालक, सेयर होल्डर, बचतकर्ता, सदस्य, लगानीकर्ता, खातावाल केही पनि नभएको बताएका छन् ।

मैले ती सहकारीहरुमा कुनै रकम राख्ने, झिक्ने, मिलाउने काम गरेको छैन । मेरो नाम राखिएरदेखिए लगायतका अन्य विषयमा समेत कानूनी परामर्शमा छु', उनले भनेका छन् । आफू लोकतन्त्रको बलियो आधारमध्येको एक प्रेस स्वतन्त्रताको पक्षमा जीवनभर लडिरहने उनको भनाइ छ ।

रविले स्टाटसमा भनेका छन्, 'सहकारी पिडितहरुको पीडामा सदनमा भएका मध्ये सबैभन्दा दरिलो उभिन सकिन भने यो अनुहार लिएर भोट माग्न आउँदिन, यो मेरो वचन भो ।'

# शैक्षिक नीति, पाठ्यक्रम र संरचनामा रूपान्तरण जरूरी छ : प्रधानमन्त्री

काठमाडौं, १७ पुस (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको शिक्षा क्षेत्रको सुधारका लागि शैक्षिक नीति, पाठ्यक्रम र संरचनामा रूपान्तरण जरूरी भएको बताउनुभएको छ । कान्तिपुर एजुकेशन समिट ( शैक्षिक बहस) समारोहलाई मंगलबार यहाँ सम्बोधन गर्दै उहाँले शिक्षा क्षेत्रको सुधारका लागि सरकार लागिपरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपालको उच्च शिक्षाले भूमण्डलीकरणको वैश्विक समस्याको सामना गरिरहेको सन्दर्भमा यस्ता कार्यक्रम विचार मन्थनका दृष्टिले मात्र नभएर विश्वभरिका अनुभवको आलोकमा हाम्रो आफ्नो विशिष्टता र मौलिकतासहित नीति निर्माणका निम्तिसमेत गुणात्मक योगदान दिन सक्दछन् ।"

शिक्षालगायत राष्ट्रिय जीवनका अधिकांश क्षेत्रमा भूमण्डलीकरणको प्रभाव परिरहेको उहाँको भनाइ छ । प्रधानमन्त्रीले भन्नुभयो, "भूमण्डलीकरणको प्रत्यक्ष प्रभाव विश्वभरि परिरहेको छ, त्यसमध्ये पनि नेपाल जस्ता विकासशील देशहरूमा यसको बहुआयमिक प्रभाव चुनौतीकै रूपमा विद्यमान छ । यसले साना, स्वतन्त्र र स्वाधीन देशहरूको अर्थतन्त्र, शिक्षा, मनोविज्ञान र सामाजिक संरचनामा नै काफी हदसम्म हेरफेर ल्याएको छ । यो तथ्यलाई गहिरो गरी विचार गर्ने र त्यसका आधारमा हाम्रो शैक्षिक नीति, पाठ्यक्रम र संरचनामा परिवर्तन गरेर मात्र हामीले यो चुनौतीलाई छिचोल्न सक्छौं ।"

पछिल्लोसमय नयाँ पुस्तामा देशको शिक्षा गुणस्तरीय छैन, यसले विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्दैन भनेर नकारात्मक भाष्यको विकास हुँदै गएको र त्यसको प्रत्यक्ष प्रभाव बौद्धिक जनशक्तिको पलायनका रूपमा अभिव्यक्त भइरहेको जनाउँदै प्रधानमन्त्रीले त्यस्तो भाष्यलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो ।

रोजगारीका अवसर प्राप्त गरेका नै विदेश पलायन हुनु चिन्ताको विषय भएको प्रधानमन्त्रीको भनाइ छ । उहाँले भन्नुभयो, "उत्पादकत्वमा कमि, बेरोजगारी लगायतका कारण देशभित्र भविष्य नदेख्ने बाध्यात्मक परिस्थिति एक ठाउँमा छ । तर देशभित्रै रोजगारीको अवसर प्राप्त गरेका र सामाजिक रूपमा समेत प्रतिष्ठित व्यक्तिमा समेत शीघ्रातीशीघ्र सम्पत्ति आर्जनको मोह अनपेक्षित रूपमा बढ्दै गएको छ । यो चाहिँ हाम्रा निम्ति साँच्चिकै चुनौतीको विषय हो ।"

सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भूतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौ । तसर्थ कानका रोगीहरुले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ ।




**शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी**

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*